# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## “वैदेशिक रोजगार बचतपत्र, २०७५” (५ वर्षे) निष्कासन गर्ने सूचना

नेपाल सरकारको “वैदेशिक रोजगार बचतपत्र, २०७५” (५ वर्षे) देहाय बमोजिमका शर्त एवं विशेषताहरु कायम गरी निष्कासन गरिने भएकोले मुलुक बाहिर (भारत लगायत अन्य मुलुकहरु) रोजगारीमा संलग्न वा रोजगारीबाट फर्केको ४ (चार) महिना नपुगेका नेपाली नागरिकहरु वा गैर आवासीय नेपालीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम : वैदेशिक रोजगार बचतपत्र, २०७५ (५ वर्षे)।
(ख) निष्कासन गर्ने रकम : रु. १ अर्ब (एक अर्ब रुपैयाँ मात्र) ।
(ग) वार्षिक ब्याजदर : १०.५० प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि : २०७०/३/१८ देखि २०७०/३/२६ गतेसम्म (ई.सं. २०१३ जुलाई २ देखि २०१३ जुलाई १० तारिखसम्म) ।
(ङ) निष्कासन हुने मिति : २०७०/३/३० गते ।
(च) साँवा भुक्तानी हुने मिति : २०७५/३/३० गते ।
(छ) खरिद गर्न सकिने रकम : घटीमा रु.५,०००।- र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु.५,०००।- ले भाग गर्दा निःशेष भाग जाने अंकमा ।
(ज) फाराम सम्बन्धी व्यवस्था : यस सम्बन्धी फाराम यस विभागबाट बिक्री एजेण्टमार्फत निःशुल्क रुपमा प्राप्त गर्न सकिनेछ वा यस बैंकको वेवसाईट **www.nrb.org.np** अन्तर्गत **Public Debt** भित्र **Foreign Employment Bond** नामक फोल्डरमा **Application Form for Foreign Employment Bond** नाममा राखिएको स्थानबाट डाउनलोड गरी प्रयोग गर्न सकिने ।
(झ) यो बचतपत्र धितो राखी नेपालस्थित बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिन पाइनेछ ।

२. यो बचतपत्र अंकित मूल्यमा मुलुक बाहिर (भारत लगायत अन्य मुलुकहरु) रोजगारीमा संलग्न वा रोजगारीबाट फर्केको ४ (चार) महिना नपुगेका नेपाली नागरिक वा गैर आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममा वा परिवारका सदस्य बाहेक अन्य व्यक्तिसंग संयुक्त नाममा खरिद गर्न सक्नेछन् ।

३. यो बचतपत्र खरीदकर्ताले चाहेको समयमा इजाजतपत्र प्राप्त बजार निर्माताहरुमार्फत बिक्री गर्न सक्नेछन् ।

४. खरिदकर्ताले रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त ब्याजदरले हुन आउने ब्याज रकम समेत भुक्तानी पाउनेछ ।

५. तोकिएको ब्याजदरमा हरेक ६/६ महिनामा आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त “क” “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था एवं इजाजत प्राप्त बजार निर्माताहरु (यसको सूची नेपाल राष्ट्र बैंकको वेवसाइट **www.nrb.org.np** मा उपलब्ध छ) बाट ब्याज भुक्तानी लिन सकिनेछ ।

६. यो बचतपत्र स्टक वा प्रमिशरी नोटको रुपमा खरिद गर्न सकिनेछ । बचतपत्र खरिद गर्ने व्यक्तिले वा रकम संकलन गर्ने बिक्री एजेण्टले निवेदकको तर्फबाट प्राप्त विवरणको आधारमा दरखास्त फाराममा पूरा नाम, ठेगाना र अन्य आवश्यक विवरण उल्लेख गर्नु पर्नेछ । स्टकको रुपमा बचतपत्र खरिद गर्न चाहने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा एक थान र प्रति थान बचतपत्रमा थप एकका दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदन साथ जम्मा हुन आएको रकम बिक्री एजेण्टहरुबाट सक्कल आवेदन तथा कागजातहरु प्राप्त भएको मितिले ७ दिनभित्र विना ब्याज सम्बन्धित बिक्री एजेण्टमार्फत आवेदकलाई फिर्ता गरिनेछ ।

८. उपर्युक्त बचतपत्र बिक्री गर्न/ गराउन यस बैंकबाट इजाजत प्राप्त बिक्री एजेण्टका नेपालस्थित कार्यालयहरुलाई परिपत्र तथा मार्गदर्शन पठाइएको छ । यो सूचना लगायत बचतपत्र बिक्री सम्बन्धी अन्य आवश्यक जानकारी यस बैंकको वेवसाइटमा समेत राखिएको छ । यस अनुसार तोकिएको ढाँचा बमोजिमको दैनिक सूचना छिटो माध्यम (विद्युतिय माध्यम) बाट यस विभागमा पठाउन हुन र बिक्री खुला अवधि समाप्त भए पश्चात् एकमुष्ट रुपमा तोकिएको ढाँचामा विवरण सहितको दरखास्त फारामहरु छिटो माध्यमबाट यस विभागमा पठाउने व्यवस्था गर्नु हुन सबै बिक्री एजेण्टहरुलाई सूचित गरिएको छ ।

९. बिक्री खुला अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहन आएमा वा बढी बिक्री भएमा खुला बजार संचालन समितिले निर्णय गरी आवश्यक व्यवस्था गर्नेछ । साथै, बचतपत्र बाँडफाँड सम्बन्धी अन्य सम्पूर्ण अधिकार उक्त समितिमा रहनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन नं. ४१०१७४१ वा ४१०१७२१-२५ एक्सटेन्सन २१९, २२० र २२५ का साथै तल उल्लेखित बिक्री एजेण्टहरुसँग तथा यस विभागको इमेल ठेगाना pdm@nrb.org.np मा सम्पर्क गर्नु हुन वा यस बैंकको वेवसाइट **www.nrb.org.np** अन्तर्गत **Public Debt** मा हेर्नु हुन समेत अनुरोध छ ।

११. उपर्युक्त बैदेशिक रोजगार बचतपत्र यस बैंकबाट इजाजत प्राप्त देहायका बिक्री एजेण्टहरुमार्फत रकम जम्मा गरी खरिद गर्न सकिनेछ ।

| क्र. सं. | बैदेशिक रोजगार बचतपत्र बिक्री गर्न इजाजतप्राप्त बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | नेपालको सम्पर्क टेलिफोन नम्बर | बचतपत्र बिक्रीका लागि इजाजत प्रदान गरिएका मुलुकहरु |
|---|---|---|---|---|
| १. | श्री ईन्टरनेशनल मनी एक्सप्रेस (आइ.एम.इ) प्रा.लि | पानीपोखरी | ९७७-१-४४३०६००<br>९८०२०३२४४४ | १.मलेसिया २.संयुक्त अरब इमिरेट्स ३.साउदी अरेविया ४.कतार ५.संयुक्त राज्य अमेरिका ६.बेलायत ७.जापान ८.बहराईन |
| २. | श्री प्रभु मनि ट्रान्सफर प्रा.लि. | लैनचौर, काठमाडौ | ९७७-१-४४४२५६१,<br>९७७-१-४४३७८५१ | १.मलेसिया २.कतार ३.बहराइन ४.साउदी अरेविया ५.संयुक्त राज्य अमेरिका |
| ३. | प्रभु फाइनान्स कं.लि. | लैनचौर, काठमाडौ | ९७७-१-४४४२३६४,<br>९७७-१-४४२९१२४ | १.संयुक्त राज्य अमेरिका २.मलेसिया ३.कतार |
| ४. | सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. | घण्टाघर, काठमाडौं | ९७७-१-४२३१९०० | १.जापान २.मलेसिया ३.कतार |
| ५. | सेञ्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौं | ९७७-१-४४१२५७९<br>९७७-१-४४२८३९२<br>९७७-१-४४२८३१७ | १.कतार २.संयुक्त अरब इमिरट्स ३.कुवेत ४.साउदी अरेविया ५.बहराइन ६.मलेसिया ७.अष्ट्रेलिया ८.इजरायल ९.संयुक्त राज्य अमेरिका १०.बेलायत |
| ६. | सेवा एक्सप्रेस कं.(प्रा.) लि. | कुलेश्वर, काठमाडौं | ९७७-१-४६७२३०९ | १.कतार |